# मिति २०७४ साल माघ ५ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

१. **उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम सम्बन्धमा :- यस** बकैया गाउँपालिकाको आ.ब. २०७४/०७५ को वार्षिक कार्यक्रम अनुसार सञ्चालित १० लाख भन्दा बढी रकम विनियोजित भएको बजेटबाट योजना सञ्चालन गर्ने उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष लाई २०७४ साल माघ १२ गतेदेखी १४ गतेसम्म गाउँपालिकामा तालिम सञ्चालन गर्ने तथा सो तालिममा गाउँ कार्यपालिकाका पदाधिकारी तथा वडा सचिव समेतलाई समावेस गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

२. **गाउँ सभा बैठक सम्बन्धमा :-** यस बकैया गाउँपालिकाको दोश्रो गाउँ सभा अधिवेशन २०७४ साल माघ २१ गते आइतवार विहान १०:३० बजे गाउँपालिकाको कार्यालय भवनमा बोलाउने सर्वसम्मतिले निर्णय गरियो । साथै उक्त गाउँ सभा तयारीका लागि गाउँपालिकाको नियमिति बैठक २०७४ साल माघ २० गते शनिवार बस्ने निर्णय गरियो ।

३. **कर्मचारी (कार्यालय सहयोगी ) भर्ना सम्बन्धमा :-** यस बकैया गाउँपालिकाका वडा नं. २ र ९ बाहेकका कार्यालयमा वडा सचिव बाहेकका कर्मचारी नभएको र वडा सचिवको कार्य गर्ने कर्मचारी विदामा बस्दा वा कामको सिलसिलामा वडा कार्यालय छोड्दा वडा कार्यालय बन्द हुन जाने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा व्यवस्था भए बमोजिम मासिक रु ७,०००।- (सात हजार रुपैयाँ) ज्याला पाउने गरी वान्छनीय योग्यता एस.एल.सी. उत्तीर्ण भई १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका वडावासीहरुबाट ७ दिने सुचना प्रकासित गरी निवेदन आव्हान गरी वडा समितिले छनौट गरी सिफारिस गरेका उम्मेदवारलाई करार सम्झौता गरी सम्बन्धीत वडामा कामकाज लगाउन १० जना कार्यालय सहयोगी करारमा भर्ना गर्न दरवन्दी स्विकृत दिने सर्वसम्मतिले निर्णय गरियो ।

४. **गाउँ शिक्षा समिति गठन सम्बन्धमा :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज (६) मा गाउँ कार्यपालिकाले गाउँ शिक्षा समिति गठन र व्यवस्थापन गर्ने व्यवस्था भएकोले शिक्षा ऐन, २०२८ को दफा ११ट व्यवस्था भए बमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि तपसिल अनुसारको गाउँ शिक्षा समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

क. अध्यक्ष श्री दामोदर खनाल (गाउँपालिकाको अध्यक्ष)

ख. सदस्य श्री सरला बोलखे (गाउँपालिकाले तोकेको गाउँपालिकाको सदस्यहरुमध्येबाट)

ग. सदस्य श्री सोम बहादुर तिमल्सीना (गाउँपालिकाले तोकेको गाउँपालिकाको सदस्यहरुमध्येबाट)

घ. सदस्य श्री प्रेम बहादुर डिम्डुङ्ग (सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट)

ङ. सदस्य श्री लक्ष्मीमाया माझी (स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना)

च. सदस्य श्री (स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना)

छ. सदस्य श्री (स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना)

**ज. सदस्य श्री भवानी कुमारी तिमल्सीना** (सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना)

**झ. सदस्य श्री चन्द्र प्रसाद देवकोटा** (सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना)

**ञ. सदस्य श्री** (सम्बन्धित गाउँपालिका वा नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना)

**ट. सदस्य सचिव श्री मोदनाथ पोखरेल** (गाउँ शिक्षा समितिको हकमा सम्बन्धित स्रोत व्यक्ति)

**ठ. आमन्त्रीत स**दस्य श्री ललन चौधरी ( श्रोत व्यक्ति बकैया गाउँपालिका)

**नोट :-** .गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरु र नेपाल शिक्षक महासंघको प्रतिनिधिलाई गाउँ शिक्षा समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिनेछ । माथी उल्लेख भए बमोजिम रिक्त सदस्यहरु गाउँ शिक्षा समितिले मनोनित गर्नेछ ।

**५. <u>गाउँ शिक्षा सम्बन्धीत अन्तर्क्रिया सम्बन्धमा</u> :-** यस बकैया गाउँपालिकाका क्षेत्र भित्र रहेका मा.वि./ नि.मा.वि. विद्यालयका प्रधानाध्यापक तथा अध्यक्ष र प्रा. वि. विद्यालयका प्रधानाध्यापकहरुको भेला गराई जिल्ला समन्वय समिति, मकवानपुरका प्रमुख, जिल्ला शिक्षा अधिकारी, नेपाल शिक्षक महासंघका अध्यक्ष लगायतका शिक्षाप्रेमीहरुको भेला गराई एक दिवसीय अन्तर्क्रिया कार्यक्रम गर्ने र कार्यक्रममा सहभागीहरुका लागि खाजाको व्यवस्था गरी आवास तथा पारवाहन वापत प्रति सहभागि रु ५०० उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो ।

**६. <u>प्राविधिक कर्मचारीहरुको कार्यक्षेत्र बाँडफाँड तथा स्थानीय भ्रमण भत्ता सम्बन्धमा</u> :-** बकैया गाउँ कार्यपालिकाको आ.ब. २०७४/०७५ को बार्षिक योजनाहरुको सर्भे, डिजाइन, अनुगमन गर्न वडा वडामा जानुपर्ने र बिदाको दिन समेत कार्य गर्नुपर्ने भएकोले २०७४ साल पौष महिनादेखी २०७५ साल असार मसान्तसम्मका लागि यस कार्यालयमा कार्यरत तपसिलका इन्जिनियर र सव-इन्जिनियरहरुको कार्यक्षेत्र तथा स्थानीय भ्रमण भत्ता देहाय बमोजिम निर्धारण गर्ने सर्वसम्मतिले निर्णय गरियो । स्थानीय भ्रमण भत्ता लिनका लागि महिनामा कम्तीमा १५ दिन फिल्डमा काम गरेको कार्य विवरण सम्बन्धीत शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीत गरी पेश गर्नुपर्नेछ । अन्यथा दिन संख्याको आधारमा हिसाव गरी दिइनेछ ।

| क्र.सं. | पद | नाम थर | कार्यक्षेत्र | स्थानीय भ्रमण भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | श्री दिपक राई | बकैया गा.पा. भरी | रु.९,००० | |
| २ | सव-इन्जिनियर | श्री शिव प्रसाद दाहाल | बकैया-१,४,७,८ | रु.८,००० | |
| ३ | सव-इन्जिनियर | श्री सुमन राई | बकैया-२,६,९,१० | रु.८,००० | |
| ४ | सव-इन्जिनियर | श्री बुद्धराम राई | बकैया-३,५,११,१२ | रु.८,००० | |

७. **आर्थिक विकास शाखाको कार्यक्रम स्विकृति सम्बन्धमा :-** बकैया गाउँपालिकाको आर्थिक विकास शाखाबाट आर्थिक विकास समितिको निर्णयानुसार स्विकृतिका लागि सिफारिस भएका तपसिलका कार्यहरु देहाय बमोजिम गर्ने गरी स्विकृति दिने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

**क. पशु सेवा**

| क्र.स | आयोजना को नाम | कार्यक्रमको नाम | छनौट भएका कृषक समुह /व्यक्ति | स्विकृत रकम |
|---|---|---|---|---|
| १. | पशु विकास सेवा कार्यक्रम | विशेष बाखा विकास कार्यक्रम | १) जनजागृति कृषि तथा पशुपालन समुह बकैया-१ धियाल डाडाँ अध्यक्ष रमेश भ्लोन सदस्य संख्या २० जना | २,८५,००० |
| | | खुवा प्रर्वद्धन कार्यक्रम (भैसि प्याकेज) | २) सृजनशिल पशुपालक कृषक समुह बकैया -१२ ठिंगन अध्यक्ष विवै सिं स्याङतान सदस्य संख्या २० जना | ६,००,००० |
| २. | पशु सेवा प्रसार | बाखा प्रर्वद्धन कार्यक्रम | १) लालिगुरास कृषि तथा पशुपालन समुह बकैया ११, पिपलडाँडा अध्यक्ष मान सि गोले सदस्य संख्या २० जना | २,४९,००० |
| | | | २) प्रगतिशिल कृषि तथा पशुपालन समुह बकैया -११,मोरङ्गे अध्यक्ष ज्ञान ब.लुङवा सदस्य संख्या २० जना | २,४९,००० |
| | | | ३) नया गठन कृषि तथा पशुपालन समुह बकैया- २ दोभान अध्यक्ष धनि माया स्याङतान सदस्य संख्या २० जना | २,४९,००० |

ख. कृषि सेवा

| क्र.स | आयोजना को नाम | कार्यक्रमको नाम | छनौट भएका कृषक समुह /व्यक्ति | स्विकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | आलु तरकारी तथा मसला विकास कार्यक्रम | युवा कृषकहरुको मागमा आधारीत व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | १. मिन ब. बज्यु बकैया -७, कालिदमार | २०,००० | |
| | | | २. विष्णु प्र.दाहाल बकैया -५, पावस | २०,००० | |
| | | | ३. बिर ब.माझि बकैया -४, जुरेलि | २०,००० | |
| | | | ४. माईलिमाया लोप्चन बकैया -६, ठुलोसुधा | २०,००० | |
| | | | ५. सुजिता बन्जारा बकैया-५,पावस | २०,००० | |
| | | | ६. शुसिला माझि बकैया -७, हातिखोला | २०,००० | |
| | | | ७. राधिका लामिछाने बकैया -४, तुलसीपुर | २०,००० | |
| २. | प्रधानमन्त्रि कृषि आधुनिकिकरण परीयोजना | पकेट विकास कार्यक्रम नयाँ | १. सिद्धकालि कृषक समुह बकैया -७, हातिखोला अध्यक्ष तारापाणी सुबेदि सदस्य संख्या १९ जना ( ५०० पोका च्याउको बिउ लगाएको) | ३,००,००० | |
| | | | २. नव कृषि तथा प.पा.समुह बकैया-८ कैजले (१० हेक्टर अदुवा खेति गर्ने) | ३,००,००० | |
| | | | ३. पारीजात कृषक समुह बकैया -६,ठुलो सुधा अध्यक्ष चन्द्रकला घलान सदस्य संख्या १७ जना (१० हेक्टरमा मकैको विउ उत्पादन कार्यक्रम) | ३,००,००० | |
| | | | ४. एकता कृषक समुह बकैया -७,रानिदमार अध्यक्ष ठाकुर प्र.बोलखे सदस्य संख्या १९ जना (१० हेक्टर राम धान उत्पाद कार्यक्रम) | ३,००,००० | |
| २ | साना सिचाई | १.साना सिचाई निर्माण | १. हातेमालो महिला कृषक समुह बकैया -२ दोभान अध्यक्ष फुलमाया स्याङतान सदस्य संख्या २३ जाना | १,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | | २. जनप्रिय कृषक तथा महिला समुह बकैया -८, बिरेफाँट अध्यक्ष ठुलिमाया वाइवा सदस्य संख्या २४ जना | १,००,००० | |
| | | | ३. नयादमार लिफ्ट सिचाई आयोजना बकैया-४,मुक्तान स्वारा अध्यक्ष कुमार राज स्याङबो सदस्य संख्या १४ जना | १,००,००० | |
| | | | ४. सिद्धकालि कृषक समुह बकैया -७ हातिखोला अध्यक्ष तारापाणी सुबेदि सदस्य संख्या १९ जना | १,००,००० | |
| | | | ५. पारीजात कृषक समुह बकैया -६,ठुलो सुधा अध्यक्ष चन्द्रकला घलान सदस्य संख्या १७ जना | १,००,००० | |
| | | | ६. मिश्रित बकैया ठाकुर कृषक समुह बकैया-३,हातिसुडे अध्यक्ष सुर्य ब. लामा सदस्य संख्या १५ जना | १,००,००० | |
| | | | ७. चौतारी महिला कृषक समुह बकैया -३ अध्यक्ष सिता माया तामाङ सदस्य संख्या २७ जना | १,००,००० | |
| | | | ८. प्रागागारीक उन्मुख कृषक समुह बकैया-७, धमिले अध्यक्ष सुर्य प्र. दाहाल सदस्य संख्या १५ जना | बैकल्पिक | |
| | | २. प्लास्टिक पोखरी | १. कुडुले कृषक समुह बकैया-९, कुडुले गोपिनी नेपाल | ४०,००० | |
| | | | २. सबल महिला कृषि सहकारी संस्था बकैया -२ बिष्णु थिङ (भुजेल) | ४०,००० | |
| | | | ३.पारीजात कृषक समुह बकैया -६,ठुलो सुधा चिनि माया भोलन | ४०,००० | |
| | | | ४. लालिगुँरास मिश्रित वागवानि एव्म भैसिपालन कृषक समुह बकैया-४ अम्बिका दंगाल | ४०,००० | |
| | | | ५. मिश्रित बकैया ठाकुर कृषक समुह बकैया-३, हात्तिसुडे सुर्य ब.लामा | बैकल्पिक | |

**८.** हेभि इक्विपमेन्ट मेसिनको दररेट संसोधन सम्बन्धमा :- बकैया गाउँपालिकाका विभिन्न वडाहरुमा हेभि इक्विपमेन्ट मेसिनहरुको खाना खाजा इन्धन समेत प्रतिघण्टा अधिकतम बढीमा तपसिल अनुसार दररेटबाट बढी नहुने गरी बन जंगलको नोक्सान नहुने गरी भाडामा मेसिनको प्रयोग गर्न मिति २०७४/०९/०५ गतेको निर्णय संसोधन गरी उपभोक्ता समितिलाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

| क्र.सं. | इक्विपमेन्टको नाम | क्षमता | प्रति घण्टा |
|---|---|---|---|
| १ | एक्साभेटर ट्याक | ० देखी ११० हर्ष पावर सम्म | रु ४००० |
| २ | एक्साभेटर ट्याक | १११ बढी हर्ष पावर सम्म | रु ५००० |
| ३ | ब्याक हो लोडर | जेसीवि तथा अन्य | रु २३०० |
| ४ | ब्रेकर प्रयोग गरेमा माथीको रकमा थप | | रु १००० |

**आजको बैठक दिनको १:३० बजे शुरु भई ५:३० बजे सम्पन्न गरियो ।**